## अध्याय चार

# कमैयाको पृष्ठभूमि र जग्गाप्राप्तिको आन्दोलन

### राजापुरको निराशा

नेपालमा लामो अवधिको सर्वेक्षण अन्तिम चरणतिर पुगेपछि सन् १९९५ को मार्च महिनामा केशव गौतमसँगै म बर्दिया जिल्लातिर लागेँ। त्यति बेला स्पेससँग बर्दियामा न कुनै काम गरेको अनुभव थियो न त स्थानीय कार्यालयजस्तै कुनै आधार नै। त्यसकारण मैले सापको मद्दतमा बर्दियास्थित उनीहरूको कार्यालयमा बास बस्ने व्यवस्था मिलाई सर्वेक्षणकार्य सुरु गरेँ। पहिले हवाइजहाज र गाडीमा जाँदा दुई घण्टाको समयमात्र लागेको थियो भने यसपालि हवाइजहाजमा लाग्ने खर्च किफायत गरौँ भनेर बसमा जाँदा बाह्र घण्टा लाग्यो।

कस्सिँदै कार्यालयमा पुग्दा दुर्भाग्यवश एक हप्ताको लागि सापको महत्त्वपूर्ण गोष्ठी काठमाडौँमा सञ्चालन हुने भएकोले कार्यालयमा एकजनाबाहेक सबै कर्मचारी काठमाडौँ लागिसकेका रहेछन्। कर्मचारीहरूसित भेटघाट गर्न नपाएकोले दुःख लाग्यो। तर त्यहाँको कार्यालय अथवा सुत्ने कोठामात्र नभएर उहाँहरूले गाउँघरतिर जाँदा प्रयोग गर्ने मोटरसाइकल पनि हामीले प्रयोग गर्न पायौँ। (म आफूले मोटरसाइकल चलाउन नजानेकोले केशवजीसँगै चढ्थेँ)।

सबभन्दा पहिले हामीले पार लगाउनुपर्ने कठिन काम भनेको कमैयाहरूको वास्तविक स्थितिको जानकारी लिनु थियो । यसपालिको सर्वेक्षण सुरु गर्नुभन्दा पहिले काठमाडौँमा पाइने कमैयासम्बन्धी जानकारीहरू सङ्कलन गर्न खोजेका थियौँ । तर त्यति बेला कमैयाको मात्र होइन, सबै थारूहरूको सर्वेक्षण भइनसकेकोले कहाँ र को समक्ष गएमा त्यसको जानकारी पाउन सकिन्छ भन्ने कुरामै अलमल भयो । पहिलेदेखि नै कमैयाको सहयोगमा संलग्न हुँदै आएको साप पनि आफ्नो क्षेत्रभित्रको अवस्थाबारे मात्र जानकार थियो । बर्दिया क्षेत्रभरिका र पश्चिम तराईका कमैयाहरूको अवस्थाबारे भने पर्याप्त जानकारी नभएजस्तो देखियो । हामी दुईजनाका लागि त्यो व्यापक क्षेत्रको सर्वेक्षण गर्नु असम्भव कुरा थियो । तथापि जसरी भए पनि कमैया समस्या व्याप्त रहेको ठाउँमा पुगेर त हेरौँ भनेर केशव र म दुवैजना सापको मोटरसाइकल लिएर बर्दिया जिल्लाभित्रको राजापुर जाने निधो गर्‍यौँ । राजापुर बर्दिया जिल्लाभित्र भौगोलिक दृष्टिकोणले पनि अलि भिन्दैखालको ठाउँ रहेछ । उत्तरतिरको पहाडबाट बगेर आउने कर्णाली नदी तराईमा आएपछि भारतको सीमाअगाडि गेरूवा नदीसँग छुट्टिएर बग्दछ । दुई नदीबीचको क्षेत्र नै राजापुर हो । त्यसकारण वरिपरिका बासिन्दाहरूलाई डुँगा चढेर ठूलो नदी पार गरी भित्र जानुपर्दछ । राजापुरमा कमैया समस्या गम्भीर हुनाको मुख्य कारण पनि त्यहाँ बग्ने ठूला नदीले वरिपरिका क्षेत्रबाट यसलाई छुट्याइदिनु र निकासविहीन अवस्थामा रहनु नै हो ।

राजापुरमा कमैयाको सहयोगका लागि काम गर्ने गैसस छन् भन्ने पूर्वजानकारी सापबाट पाएकोले सुरुमा हामी तिनै संस्थामा जाने विचार गर्‍यौँ । पहिला उनीहरूले सहयोग पुर्‍याइरहेको कमैया बालबालिकाहरूका लागि सञ्चालित प्राथमिक शिक्षा कक्षा अवलोकन गरिसकेपछि उनीहरूको कार्यालयमा गई कुरा बुझ्यौँ । हामीले त्यस क्षेत्रका कमैयाको अवस्थाबारे सोधपुछ गर्दा “कमैया भनेका दास नभएर कृषिमा साथ दिने सहयोगी हुन्”, “कमैयाप्रतिको व्यवहारमा ठूलो परिवर्तन आएको छ र अहिले उल्टै जमिनदार नै शोषित हुन पुगेका छन्” आदि जस्ता प्रतिक्रिया पो पाइयो । तथापि वास्तविकता उनीहरूको भनाइभन्दा भिन्दै भएको हामीलाई महसुस भइरहेको थियो । एकजनाले त “कमैयालाई काममा लगाउनु भनेको कुनै नराम्रो काम होइन । मैले पनि चारजना कमैयालाई काममा लगाइरहेको छु” भनेर गर्वसाथ जवाफ दिए । यो संस्था त जमिनदारले पो चलाएका रहेछन् जस्तो पनि लाग्यो । हामी बेकारको ठाउँमा पो आइपुगिएछ भन्ने सोचेर त्यहाँबाट तुरुन्तै निस्कने तयारी गर्दै थियौँ, त्यति नै बेला एउटा आश्चर्यको घटना भयो । हामी गाउँलेसँग विभिन्न कुरा बुझ्दै हिँडेको चाल

पाएका एकजना जमिनदारले हामीलाई “यदि कुनै व्यक्ति बाहिरबाट आएको छ भने उसले कहाँ के गरिरहेको छ भन्ने तुरुन्तै पत्ता लागिहाल्छ” पो भने ।

त्यो भनाइ खालि हामीलाई तर्साउन मात्र भनिएको होइन रहेछ भनेर चाँडै नै थाहा भयो । हामी बास बस्ने कोठामा फर्किंदा त जमिनदारले अघि भने झैँ उनको आफ्नो मान्छे हाम्रो कोठाको नजिकैको कोठामा पहिले नै पुगिसकेको रहेछ । त्यसपछि त हामी जता गए पनि कसैले पछ्याइरहेको छ कि जस्तो भान हुन थाल्यो । आरामले बस्न पनि नसकिने भइयो । यसो गाउँतिर गएर त्यहाँ काम गरिरहेका कमैयाजस्ता देखिने कृषकहरूसँग कुरा गर्दा पनि जमिनदारको डरले होला, त्यससम्बन्धी केही जवाफ पाइँदैनथ्यो । तिनीहरू जमिनदारसँगको सम्बन्धबारे केही पनि बोल्दैनथे । यस क्षेत्रमा सहयोग गर्दै आएका अरू साथीहरूले एकै स्वरले प्रकट गरेका कमैयालाई सहयोग गर्दा आउने बाधाअड्चनहरू साँचो अर्थमा हामीले पनि बुझ्दै आयौँ । यसरी काम हुँदैन भन्ने ठानी हामी सापको कार्यालयमा फर्क्यौं ।

यद्यपि फेरि नयाँ जोशका साथ काम थाल्ने निधो गर्‍यौँ ।

## कठिनाइहरूबीच तयार पारिएको सर्वेक्षण प्रतिवेदन

बाहिरबाट आएका मान्छेहरू कमैयासँग नजिकिन मुस्किल छ भन्ने कुरा थाहा पाएकोले बर्दिया जिल्लामा भएका अरू गैससका कार्यालयमा सम्पर्क राखी विभिन्न सल्लाह लियौँ । तैपनि सान्दर्भिक काम गरिरहेका गैसस भेट्टाउन चाहिँ गाह्रै भयो । कमैयाहरूको सहयोगमा भनेर लागेका तर जमिनदारको निगरानीमा एकपल्ट प्रौढ शिक्षाको तालिम दिई त्यसपछि कुनै प्रगतिविना त्यत्तिकै अलपत्र अवस्थामा रहेका संस्थाहरू धेरै थिए । त्यस्तो कार्यक्रमले कमैया समस्याप्रति कुनै सरोकार राख्लाजस्तो चाहिँ लाग्दैन । त्यसै बेला अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)[१] भन्ने गैरसरकारी संस्थाबाट भने निकै जानकारी पाइयो । मानव अधिकारवादी संस्थाको रूपमा काम गर्ने इन्सेकको प्रधान कार्यालय काठमाडौँमा छ ।

---

१ अनौपचारिक क्षेत्र सेवा केन्द्र सन् १९८८ मा स्थापित नेपालको मानव अधिकारवादी गैसस हो । यसले सन् १९९२ देखि नेपाल अधिराज्यभरि मानव अधिकारको स्थितिबारे अनुसन्धान गरी प्रत्येक वर्ष नेपाल मानव अधिकार वर्ष पुस्तकको रूपमा त्यसको नतिजा प्रकाशित गर्दै आइरहेको छ । उक्त पुस्तकमा उल्लेख भएअनुसार सन् १९९१ मा पहिलोपटक इन्सेकद्वारा नेपालमा कमैयासम्बन्धी व्यापक र वास्तविक अनुसन्धान गरिएको थियो । त्यसपछि यो संस्था कमैया समस्यामा संलग्न हुने पहिलो गैससको रूपमा स्थापित भयो ।

इन्सेकबाट सन् १९९२ मा कमैया सर्वेक्षणको प्रतिवेदन प्रकाशित गरेको पाइयो (INSEC 1992) । त्यस सर्वेक्षण प्रतिवेदनमा बर्दिया मात्र होइन, पश्चिम तराईको कैलाली र कञ्चनपुर जिल्लाका कुल सत्र हजार कमैयाहरूको अन्तरवार्ता समावेश गरिएको थियो । ती जिल्लाहरूमा कमैया समस्या धेरै भएको मानिन्छ । प्रतिवेदनको विषयवस्तुबाट "कमैयाको उत्पत्ति", "कमैयालाई काममा लगाउने प्रक्रिया", "कमैयाको काम गर्ने समयावधि र पारिश्रमिक", "कमैयाको ऋण", "वर्तमान कमैया समस्या" जस्ता विषयवस्तुसम्बन्धी सर्वेक्षण गरिएको बुझिन्छ । कसरी सर्वेक्षण गरियो होला !

प्रतिवेदनको "भूमिका" मा यो सर्वेक्षण गर्दा कति दुःख भयो भन्ने कुरा उल्लेख गरिएको छ । जस्तै, कमैयाको अन्तरवार्ता लिन आएका हौं भन्यो भने जमिनदारले "हाम्रो गाउँमा कमैया छैनन्" भनी ढाँट्ने, अन्तर्वार्ता लिने ठाउँमा सँगसँगै बस्न आउने, कमैयाका प्रत्येक जवाफमा हस्तक्षेप गरी बाधा पुऱ्याउने आदि । कमैयाहरूको दिनभरि काममा व्यस्तता, त्यसमाथि पनि जमिनदारको हप्कीदप्कीले गर्दा सामान्य कुराकानी गर्न पनि हतपत तयार नहुने उल्लेख छ । कमैयाहरू ढुक्क भएर बोल्न नसक्ने हुनाले धेरैजसो कुराकानी राति गोप्य रूपमा गर्नुपर्थ्यो ।

राजापुरमा कमैयाबाट कत्ति पनि जानकारी पाउन नसकी फर्कनु पर्दा इन्सेकको पनि हाम्रो जस्तै नियति भएको होला भन्ने लाग्यो । परिस्थिति पनि त्यस्तै थियो । जे होस् विभिन्न खाले कठिनाइबीच सङ्कलन गरिएका महत्त्वपूर्ण जानकारीबाट कमैयाहरू कस्तो अवस्थामा रहेछन् भन्ने वास्तविकता झल्किँदै आयो ।

## भयावह अवस्था

प्रतिवेदन पढेपछि "दाससरहका कमैया" भन्ने पूर्वधारणामा अलि परिवर्तन ल्याउनुपर्ने देखियो । वास्तवमा "कमैया" ले जमिनदारसँगको एक बर्षे सम्झौताबमोजिम कृषि मजदुरी गर्ने व्यक्तिहरूलाई बुझाउँदो रहेछ । प्रत्येक माघ १ गते "माघी" भन्ने चाडको दिनमा कमैया र जमिनदारबीच एउटा मौखिक सम्झौता हुँदोरहेछ । कुनै कमैयाले पहिलेको जमिनदारको अधीनमा काम गर्न चाहेन भने निजले त्यो दिन अर्कै नयाँ जमिनदारसँग सम्झौता गरी उसको अधीनमा रहेर काम गर्न सक्दोरहेछ । सर्वेक्षणको दायरामा परेका कमैयाहरूमा जमिनदारसँग ऋण लिएकामध्ये तीस प्रतिशत मात्र रहेछन् ।

नेपालमा दास प्रथा सन् १९२४ मै उन्मूलन गरिएको तथा १९९० को नयाँ संविधानमा पनि "कुनै किसिमको जबरजस्ती मजदुरी" लाई अवैधानिक मानिएको

भए तापनि नेपालमा दास-प्रथाको अवशेष अझै बाँकी रहेको कुरा कमैया व्यवस्था विद्यमान रहनुले जाहेर गर्दथ्यो ।

किन कमैयालाई "दाससरहको स्थानमा राखिएको" भनियो होला ! त्यसको प्रमुख कारण कमैयाको मजदुरी-सम्झौता अत्यन्त क्रूर मात्र छैन, उनीहरूको ज्याला तथा काम गरेबापतको पारिश्रमिक पनि अत्यन्त न्यून छ। त्यतिमात्र कहाँ हो र ? उनीहरूको आफूखुशी हिँड्डुल गर्न पाउने स्वतन्त्रता अपहरण गरिएको हुन्छ। कमैयाले एकपल्ट जमिनदारसित सम्झौता गरिसकेपछि एक वर्षसम्म अन्य काममा संलग्न हुन पाउँदैनन् । सम्झौतामा कृषिसम्बन्धी मात्र काम गर्ने भने तापनि यथार्थमा गाईवस्तुको स्याहारसुसार, आगो बाल्ने दाउरा अथवा गाईवस्तुको लागि घाँस आदि बटुल्ने, घर बनाउने या मर्मत गर्ने, बारीको काम आदि नगरी हुँदैन । त्यसैको लागि प्राय: कमैयाहरू बिहान तीन बजे उठेर बेलुकी नौ बजे सुत्ने बेलासम्मको अवधिमा दुईपल्ट खाना खाँदाको समयबाहेक दिनैभरि काममा जोतिनु पर्ने हुन्छ। साप्ताहिक बिदा पनि दिइँदैन । उनीहरूले माघी चाडमा केही दिनबाहेक कहिल्यै थकाई मार्ने समय पाउँदैनन् । प्राय: कमैयासित सम्झौता गर्दाखेरि उसकी स्वास्नीले पनि जमिनदारको घरमा कुनै पारिश्रमिकविना काम गर्नुपर्ने सर्त राखिन्छ। साथै बच्चाबच्चीले पनि ।

यसरी अत्यन्त कठिन काम गराइँदा पनि उनीहरूलाई दिइने पारिश्रमिक अति नै न्यून हुन्छ । सम्झौतामा गरिने सर्तमा जमिनदारअनुसार धेरथोर फरक हुनसक्छ । कमैयाको आफ्नो खाद्यान्नको भाग प्रतिवर्ष ६०० किलोको हाराहारीमा चामल दिने गरिन्छ । त्यसबाहेक अरू चाहिँ मजदुरी गरेबापत पारिश्रमिकस्वरूप प्रतिवर्ष ९०० किलोदेखि १००० किलोजति चामल दिने गरिन्छ । जबकि एकजना कमैयाको परिवारमा औसत ६ जना सदस्य हुन्छन् । परिवारका सबै सदस्यहरूको लागि वर्षमा कम्तीमा १६०० किलो चामलको आवश्यकता पर्ने हुनाले कमैयाको पारिश्रमिकले जीविका धान्न अत्यन्तै मुस्किल पर्दछ ।

उपर्युक्त पारिश्रमिक पनि कमैयाले वर्ष दिनमा कुनै बिरामी नपरी लगातार काम गर्‍यो भने मात्र पाउने हो । बिरामी भई अथवा कुनै असमर्थताले काममा बिदा लियो भने पारिश्रमिक घटाइन्छ। बिरामी हुँदा उपचार गराउने पैसा र औषधि आदिको खर्च आफैँ ब्यहोर्नुपर्ने हुन्छ। यस्तो कमाइले त विवाह तथा काजक्रियाको लागि पनि पुग्दैन । आवश्यकता आइपर्दा जमिनदारसँग ऋण नलिई सुख्खै छैन । यस्तो बाध्यता सिर्जना हुनुको पछाडि पर्याप्त सम्पत्ति नभएका कमैयालाई विनाधितो ऋण दिने कुनै बैंक नहुनु पनि हो ।

जीविका चलाउन मात्रै त यस्तो कठिन अवस्था छ, त्यसमाथि जमिनदारको ऋणमा पऱ्यो भने ती कमैयाको अर्को पुस्ता पनि दाससरहको स्थितिमा पुग्दछ । साँच्चै भन्ने हो भने कमैयाले जमिनदारलाई फिर्ता गर्नुपर्ने ऋणको पैसा मजदुरीको पारिश्रमिक अनुसार विस्तारै घट्दै जानुपर्ने हो । तर वास्तवमा कमैयाहरूले लेखपढ गर्न नजान्ने हुनाले जमिनदारबाट फटचाइँ गरी थोरै मात्रामा रहेको ऋणलाई पनि बढाउँदै लगिन्छ । एक वर्षभित्र चुक्ता गर्नुपर्ने पैसा एक वर्षको परिश्रमभन्दा बढी हुन समय लाग्दैन । त्यसो हुँदा पारिश्रमिक जति सबै ऋणबापत काटिन्छ र कमैयाले दिनको दुईछाक मात्र खाई विनापारिश्रमिक मजदुरीलाई निरन्तरता नदिई नहुने अवस्था निर्माण हुन्छ ।[२]

अगाडि उल्लेख गरिएजस्तै कमैयाले वर्षमा एकपटक हुने जमिनदारसँगको सम्झौता नवीकरणमा कुन जमिनदारको अधीनमा काम गर्ने भन्नेबारे आफैले निर्णय गर्न पाउँछन् भनिन्छ । तर पहिलेको जमिनदारको ऋण असुली नभएसम्म सम्झौता खारेज गर्न पाइँदैन । त्यसै गरी एउटा जमिनदारले अर्कै जमिनदारको अधीनमा रही काम गरिरहेको कमैयालाई आफूकहाँ लगाउन चाह्यो भने काम दिइरहेको जमीनदारसँग सम्झौता गरी ऋणको बोझ साट्ने हिसाबले कमैया साट्ने गरिन्छ । यति बेला जमिनदारका क्रियाकलाप ऋणसित सम्बन्धित देखिए तापनि यथार्थमा “कमैया प्रथा” को नाममा व्यक्तिको खरिदबिक्री भइरहेको हुन्छ भन्दा अत्युक्ति नहोला । कमैयालाई दाससँग तुलना गर्न सकिने ठूलो आधार यही नै हो । यद्यपि कमैया संस्कृतिको भयावहपन भने यत्तिमै सीमित छैन ।

ऋणमा परेका कमैयालाई जमिनदारको ब्याज अति नै महँगो भएकोले तिनीहरूले जीवनभर ऋण चुक्ता गर्न सक्दैनन् । त्यसपछि ऋण भावी पुस्तामा सर्ने र उनीहरूले पनि त्यही जमिनदारको अधीनमा रहेर काम नगरी हुँदैन ।[३]

---


[२] ऐजन, “कञ्चनपुर जिल्लाको रामपुर बिरासपुर गाउँको ३ वडामा बस्ने काशीराम चौधरीको जमिनदारसँग लिएको ऋण सात हजार रुपियाँको छ । ऋणबाट मुक्ति पाउन उनले जमिनदारको अधीनमा आठ वर्षदेखि काम गरिरहेका छन् । सात हजार रुपियाँको ऋण भए तापनि जमिनदारले उनलाई गर्न लगाउने मजदुरी अति नै कठोर छ । अहिले उनले सो ऋणको ब्याज चुक्ताको लागि मात्र मजदुरी गरिरहेका छन् र खानाबाहेक अरू कुनै पारिश्रमिक लिएका छैनन् ।”

[३] ऐजन, ६५ वर्षीय बलराम थारू बर्दिया जिल्ला, ढङ्गपुरूवा गाउँ ८ वडाका जमिनदारको अधीनमा २६ वर्षदेखि कमैया भई काम गरिरहेका छन् । उनी भन्छन्, “मेरा बाबुको पाँच हजार रुपियाँको ऋणले गर्दा म पनि कमैया भई काम गर्न बाध्य भएको छु । कमैया भएर काम गरिरह्यो भने एकदिन ऋण मिनाह गरिदिन्छु भनी जमिनदारले भनेको थियो । तर मैले अब जमिनदारको अधीनमा नरहने भन्यो कि तिम्रो ऋणको ब्याजसमेत १८ हजार रुपियाँ पुगिसकेकोले छाड्न मिल्दैन भन्ने गर्दछ ।”

साँच्चै भन्ने हो भने ऋणमा परेका कमैयाहरूमध्ये पुख्यौंली ऋणका कारण कमैया हुन बाध्य भएकाहरूको सङ्ख्या नै बढी छ ।

यसरी कमैयाहरूलाई बाल्यावस्थामा गाईवस्तु, भेडाबाख्राको हेरचाह, जवानीमा कृषि मजदुरी र उमेर छिप्पिँदै गएपछि अर्थात् कृषिकार्य गर्न नसक्ने अवस्थामा फेरि पनि गाईवस्तु र भेडाबाख्राको हेरचाह गर्नुपर्ने स्थिति हुँदा आजीवन कुनै न कुनै काम निरन्तररूपमा नगरी हुँदैन (चित्र नं. १) । जीवनभरि यस्तो चेपुवामा परेपछि विद्यालय जाने, लेखपढ गर्ने भन्ने त कुरै भएन । यस्तो अवस्थाका कमैयाहरूलाई आफ्नो चरम शोषण भएको आभास भए पनि सहजै अभिव्यक्त हुँदैन । यथार्थलाई धेरैले यस्तो अवस्थालाई आफ्नो पूर्वजन्मको फल ठान्ने गरेको पाइन्छ ।

**चित्र १: आजीवन बाँधापनको मजदुरी चक्र**




## जटिल वास्तविकता

कमैयाको वास्तविक अवस्थालाई नियाल्दै जाँदा शोषणको यो कुरूप प्रथाले यस क्षेत्रमा कसरी जरा गाड्यो भन्ने प्रश्न उठ्नु स्वाभाविकै हो । यस सन्दर्भमा

इन्सेकको प्रतिवेदनमा "प्राचीनकालको दासप्रथाको असर"[४] "सरकारद्वारा कृषकहरूसँग असुल्दै आएको परम्परागत करव्यवस्थामा परिवर्तन"[५] "साधारणतया सानो कामको लागि हुने गरेको मोहियानी सम्झौतालाई शोषणको माध्यम बनाउन खोज्ने प्रवृत्ति" आदि कुराहरूको चर्चा गरिएको छ। तथापि कमैया रहनुको ऐतिहासक वास्तविक साँचो रूपमा स्पष्ट नभएको उल्लेख गरिएको छ।

वास्तविकता जे भए पनि मैले सोध्दै आएका सबै गैससका मान्छेहरू "अहिलेको कमैया प्रथा सन् १९६० को दशकतिर सुरु भएको बसाइँसराइको योजनाअन्तर्गत पहाडबाट बसाइँ सरी आएका मानिसहरूले ल्याएको प्रथा हो भन्ने कुरामा सहमत देखिए। तर पढ्दै जाँदा अनायास ओहो ! भन्नेखालको कुरा देखियो। महेशचन्द्र रेग्मीका अनुसार "धेरै मानिसहरू बिहेखर्च तिर्न नसकेबापत ससुराको अधीनमा रहेर कमैया भइरहेछन्" भन्ने उल्लेख छ। महेशचन्द्र रेग्मी पढ्नुभन्दा पहिलेसम्म मैले कमैया बनाउने जमिनदारहरू सबै बसाइँ सरिआएका पहाडियामात्र हुन् भन्ने ठान्दै आएको थिएँ। तर त्यहाँ त थारूहरू पनि रहेछन्। उनीहरूले आफन्तहरूबाट कमैया सम्झौताको लागि कुराकानी मिलाउने कामसमेत गर्दा रहेछन्। प्रतिवेदनअनुसार बर्दिया जिल्लामा त्यस किसिमका कमैयाहरू २० प्रतिशत रहेछन् (INSEC 1992)।

तर म अल्मलिएँ, बुझ्न सकिन। पहाडबाट तराई क्षेत्रमा मानिसहरूको बसाइसराईको सुरुआत सन् १९६० को दशकपछि मात्र भएको हो। बाहिरबाट ल्याइएको शोषण प्रथा ४० वर्षमै थारूहरूको वंशभित्र पनि प्रवेश गऱ्यो भन्ने कुरा सम्भव होला र ?

इन्सेकले "यो मानवअधिकारको हनन् हुने कुरा भएकोले कमैया अर्थात् ऋणी मजदुरहरूको एकताद्वारा यसलाई हटाउनु पर्छ" भन्ने पक्ष उल्लेख गरेर प्रतिवेदनको पछिल्लो खण्डमा यो तथ्यलाई बेवास्ता गरेको पाइन्छ।

---

[४] नेपालका प्रसिद्ध समाजशास्त्री महेशचन्द्र रेग्मीले आफ्नो पुस्तकमा लेख्नुभएको छ, "ऋणको भार बढ्दै गएमा धेरै ऋण दिनेले ऋणी व्यक्तिलाई नै किन्ने परिणाम हुन्थ्यो। अर्थात् ऋणी व्यक्ति ऋण दिनेको दास हुन पुग्थ्यो। अर्को विकल्प "ब्याज तिर्नुको सट्टा विनाज्याला साहुको काम गर्ने अर्थात् कृषिदास हुने" हो। कृषिदासको अवस्था "ऋण दिने व्यक्तिले ब्याज नखोजेबापत मजदुरी गर्नेले पनि कामको ज्याला नखोज्ने" भन्ने हो। ऋणको परिणामस्वरूप कृषिदास हुनुपर्ने १९ औँ शताब्दीको नेपालमा यो पुरानै समस्याको रूपमा रहिआएको छ" (Regmi 1998: 158-171)।

[५] १९ औँ शताब्दीमा नेपालमा ज्याला तथा रकम दुई किसिमको भुक्तानीको प्रचलन थियो। ज्याला चाहिँ निःशुल्क श्रमदान थियो। त्यसै गरी रकम चाहिँ निश्चित उद्देश्यको लागि खास अवधिमा गर्नुपर्ने काम थियो। ज्याला तथा रकम दुई बेग्लै किसिमका काम गरिनुको अर्थ देशले किसानलाई जग्गा ठेकेदारको रूपमा मात्र नभई आफ्ना नागरिकमाथि त्यो अधिकार प्रयोग गरेको थियो (INSEC 1992: 37)।

थारूहरूका आफन्तबीच पनि कमैयाको सम्झौता गरिएको कुरा हामीले पछि सोधपुछ गरी अनुसन्धानबाट पुष्टि गर्‍यौं । मैले केशव गौतमलाई भनें, “हामीले सोचेभन्दा गलत कुरा त गरेनौं ? खास गरी कमैयाप्रथा थारू समाजभित्रै रहेको र त्यहीँबाट विकसित हुँदै आएको विश्लेषण गरेमा सही हुने त होइन ?”

केशव पनि अचम्म पर्नुभयो । तर यो कुरा साँचो हो कि होइन भन्ने बुझ्न सीधै कमैयाहरूको मुखबाट सुन्नुबाहेक अरू उपाय थिएन । अब यसको लागि के गर्दा जमिनदारको प्रभावबाट टाढा रही शान्त वातावरणमा कमैयाहरूसँग कुराकानी गर्न सकिन्छ होला ?

## जग्गा प्राप्त गरेका कमैयाहरू

विद्यमान अवरोधहरू पन्छाई समस्याको निकास खोल्ने प्रक्रिया सुरु भयो । बर्दिया जिल्लामा बस्न दुई दिन बाँकी छँदाको बिहानीपख जब मेरो आँखा खुल्यो, केशव त पहिले नै उठी बगैँचामा बसेर सापमा काम गर्ने एकजना युवकसँग एकदम उत्सुकताका साथ कुरा गर्दै हुनुहुन्थ्यो । म उठेर हातमुख धोइवरी कार्यालय गएर यसपालिको सर्वेक्षणबाट निस्केका परिणामहरू बटुल्दै थिएँ । केशवजी उत्साहित हुँदै कोठामा पस्नुभयो ।

“यस कार्यालयमा काम गर्ने थारू युवाबाट भर्खरै सुनियो, पाँचवर्ष अगाडि जनआन्दोलन हुँदा जमिनदारको अधीनबाट भागेर आफ्नो सुझबुझमा जग्गा प्राप्तिको आन्दोलन गर्ने कमैयाहरू पनि थिए अरे । अहिले तिनीहरू सरकारले तोकेको ठाउँमा स्थायी रूपले बसोबास गर्दै आएका छन् र त्यो ठाउँ यहाँबाट त्यति टाढा पनि छैन अरे ।”

कमैया भन्नाले “आफ्नो वास्तविक अवस्थालाई भाग्यको फल ठानी कमजोर भएका मान्छे” भन्ने कुरा बाहेक अन्य केही नसुनेको हाम्रा लागि त्यो सोच्दै नसोचेको खबर थियो । अझ तिनीहरू स्वतन्त्रतापूर्वक बसिरहेका होलान् ! त्यस्ता व्यक्तिहरू भेट्टाउन पाए त जमिनदारको डर पनि हुँदैन र कमैयाको वास्तविक अवस्थाबारे विस्तृत कुराहरू सुन्न पाइन्छ । हामी तुरुन्तै मोटरसाइकल लिएर तिनीहरू बसिरहेको ठाउँतिर लाग्यौं ।

कमैयाका नयाँ बस्तीहरू बर्दिया जिल्लाका विभिन्न ठाउँमा छरिएका थिए । हालसालै मात्र नेपाल सरकारले नयाँ बसाइँको लागि जग्गा दिन थालेको रहेछ । हामी त्यहाँ जाँदा सबै मिलेर घर बनाउन लागिरहेका ठाउँहरू भेट्टायौं । सरकारबाट अनुमति

दिने प्रक्रिया अघि नबढेर हो कि कमैयाहरू ठाउँ ठाउँमा स्याउलाले बारेका साना साना झुपडीमा अस्थायी रूपले बसेका देखिन्थे। पाँच वर्ष लामो आन्दोलन गरी सुरक्षित ठाउँ हात पारेका नयाँ बस्तीका मानिसहरूमा जोश जाँगर भए तापनि खालि बाँझो जग्गा मात्र भएकोले जीविका चलाउन निकै कठिन भएजस्तो बुझियो।

त्यसमध्ये जग्गाप्राप्तिको आन्दोलनमा सक्रिय नेताहरू बसिरहेको लक्ष्मणा भन्ने गाउँमा मात्र पक्की घर बनेका र सबैलाई खेतीयोग्य जग्गा पनि बाँडिएकोले गाउँ जस्तो देखिन्थ्यो। त्यस बेला त्यहाँका नेताहरू बाँकी जग्गाको बाँडफाँटका लागि सरकारसमक्ष माग राख्न राजधानी गएको हुँदा उनीहरूका परिवारसँग मात्र हामीले कुराकानी गर्न पायौँ।

## कनरा आन्दोलन र यसका उपलब्धिहरू

जग्गाप्राप्ति आन्दोलनको दौरान बर्दिया जिल्लाको "कनरा" भन्ने ठाउँको सरकारी स्वामित्वको वनलाई कमैयाहरूले कब्जा गरेको घटनालाई "कनरा आन्दोलन" भनिन्छ। कमैयाहरू कनरा वनमा बसोबास गर्न थालेको सन् १९९० को अप्रिल महिनादेखि हो। तथापि त्यसभन्दा पहिला पनि जग्गाप्राप्तिका छिटफूट आन्दोलनहरू भइराखेका थिए। सन् १९९० को जनवरीमा काठमाडौँमा जनआन्दोलन सुरु भएपछि आफूहरूले राख्दै आएका माग अझ जोडले अपील गर्ने मौका यही हो भन्ने विचारले कनरामा सामूहिक बसाइ अभियान सुरु गरिएको थियो। त्यति बेला ४,९३९ कमैया परिवार सहभागी भएका थिए। तिनीहरूले ४२ ओटा समूह बनाई सामूहिक काम गरेका थिए। भित्रभित्रै असन्तुष्ट जमिनदारद्वारा तत्कालीन जिल्ला वन कार्यालयसँग साँठगाँठ गरी कनरा अतिक्रमण गरी बसिरहेका बासिन्दालाई त्यहाँबाट हटाउने प्रयास भयो। सुरुमा कमैयाले अतिक्रमण गरी खेती गर्दैआएका जग्गामा गाईवस्तु छाडा छोडेर अन्नबाली सखाप पारियो। पछि फेरि प्रहरीसमेत लगाएर बलपूर्वक त्यहाँबाट उनीहरूलाई हटाउने प्रयास गरियो। त्यसको अढाई वर्षपछि सन् १९९२ को अक्टोबरमा बल प्रयोग गरी हटाउन खोज्ने प्रहरी र कमैयाहरूबीच झडप हुँदा कमैयातर्फ थुप्रै घाइते भए। केहीले त आफ्नो ज्यान समेत गुमाउनु पऱ्यो।

जमिनदारको साँठगाँठमा भएको उक्त प्रहरी दमनका विरूद्धमा सङ्गठित भएका कमैयाहरूले शान्तिपूर्ण तरिकाले समस्याको समाधान हुनुपर्ने मागका साथ नाराजुलुस गर्दै केही दिनसम्म जिल्ला कार्यालयअगाडि धर्ना समेत दिए।

कमैयाहरूको सङ्गठित विरोध प्रदर्शनबाट अत्तालिएपछि दमनको रणनीति त्यागेर कमैया पुर्नस्थापनाको घोषणा गर्न तत्कालीन सरकार बाध्य भयो । सरकारद्वारा सबैलाई जग्गाधनी प्रमाणपत्र उपलब्ध गराउने प्रतिबद्धताका साथ कमैयाहरूलाई बर्दिया जिल्लाका अन्य सार्वजनिक जग्गामा बस्ने व्यवस्था मिलाइयो । नेपाली काङ्ग्रेसको बहुमतको सरकारको समयमा प्रतिवद्धताअनुरूप काम पूरा नभएकोले नेपाल कम्युनिष्ट पार्टी (एमाले) को पालामा पुनर्वास भएकाहरूलाई जग्गाधनी प्रमाणपत्र वितरण गर्न थालेको एक महिना मात्र भएको थियो ।

## समाधानमा सरकारको चासो

जग्गाप्राप्ति आन्दोलनको सुरुआत र उपलब्धि तथा आन्दोलन सुरु गर्नुपूर्व कमैयाहरूको अवस्था र कमैयाप्रथाको वास्तविक स्रोतबारे जान्न हामी निकै उत्सुक थियौँ । सोध्न चाहेका अरू पनि धेरै कुराहरू थिए । तर उनीहरूले "यसभन्दा पनि बढी कुरा हाम्रा श्रीमान्हरू फर्केपछि सोध्न सक्नुहुन्छ" भने ।

मेरो पनि जापान फर्कने दिन नजिकिँदै थियो । एक दुई दिनले ती सबै कुरा सकिँदैनथ्यो । हामीलाई कमैया पुनर्वासका लागि जग्गा वितरणसम्बन्धी सरकारको नीति-प्रक्रियाबारे पनि विस्तृत जानकारी चाहिएको थियो । त्यसैले केही समयको लागि हामी काठमाडौँ फर्किने निधो गर्‍यौँ ।

राजापुरका यस्ता समस्याबारे जानकारी लिने क्रममा एकपल्ट पछि हटिसकेका हाम्रो लागि आफ्नै सङ्घर्षबाट जग्गा प्राप्त गरेका स्वतन्त्र कमैयाहरूलाई भेट्न पाउँदा आँखाअगाडि एउटा नयाँ क्षितिज उघारिएजस्तो अनुभूति भयो ।

काठमाडौँ फर्केपछि म छ महिनाअघिदेखिका अनुसन्धानका निष्कर्षहरूलाई व्यवस्थित गर्ने तथा भावी कार्ययोजना निर्माणतिर व्यस्त हुन पुगेँ । यसै क्रममा कमैयाहरूलाई पुनर्स्थापन गर्ने क्रममा जग्गाधनी प्रमाणपत्र वितरण गर्ने सरकारी विभागका प्रमुखसँग भेट गरी आगामी दिनमा यस अभियानलाई कसरी अगाडि बढाइँदै लगिने छ भन्ने कुराको जानकारी लिने महत्त्वपूर्ण काम बाँकी रहेको थियो ।

केशव र म दुवै गृह मन्त्रालयअन्तर्गतको सुकुमबासी आयोगको कार्यालयमा गयौँ । त्यहाँका अधिकृतका अनुसार "कमैया समस्याप्रति सरकारी सक्रियता देखिन थालेको चाहिँ गत नोभेम्बर महिनाको आम निर्वाचनमा कृषि जग्गा वितरण गर्ने घोषणा गरेको नेपाल कम्युनिष्ट पार्टी (एमाले) को सरकार सत्तामा पुगेपछि मात्र हो" भन्ने कुरा थियो । सरकारले कमैयालाई "भूमिहीन किसान"

को वर्गमा राखे तापनि जग्गा नभएका अरू किसानहरूभन्दा कमैयाको समस्या भिन्नै प्रकृतिको भएकोले १९९५ फेब्रुअरीमा सरकारको तर्फबाट पहिलोपटक सर्वेक्षण गर्ने काम भयो । तालिका १ मा प्रस्तुत तथ्याङ्कको विश्लेषण गरी अगाडि बढ्दै जाने प्रतिबद्धता समेत सरकारी पक्षबाट व्यक्त भएको थियो ।

**तालिका १: जिल्ला कमैया परिवार सङ्ख्या**

| **क्र.सं.** | **जिल्ला** | **परिवार सङ्ख्या** |
|---|---|---|
| १. | दाङ | ३,११७ |
| २. | बाँके | १,०४९ |
| ३. | बर्दिया | ५,३६० |
| ४. | कैलाली | ५,०३८ |
| ५. | कञ्चनपुर | १,७५३ |
| | **जम्मा** | **१६,३१७** |

कनरा आन्दोलनमा सहभागी कमैया परिवारको सङ्ख्या लगभग ५,००० भएको भन्ने पुनर्स्थापितहरूको भनाइलाई विचार गर्दा अरू जिल्लाको तुलनामा बर्दियामा कमैया परिवार सङ्ख्या धेरै कम भएजस्तो मलाई लाग्यो । तथ्याङ्क सङ्कलन प्रत्येक गाउँ विकास समितिको सचिवले दिएको रिपोर्टमा आधारित भएर तयार गरिएको रहेछ । राजापुरमा हामीले सँगालेका थुप्रै तीता अनुभव सम्झँदा ती सचिवहरू पनि जमिनदारबाट प्रभावित व्यक्ति हुनसक्ने सम्भावना बढी थियो । यस्तो तरिकाबाट सङ्कलन गरिने तथ्याङ्कहरू वास्तविकतामा आधारित होलान् भन्ने कुरामा शङ्का लाग्यो ।

तथापि सरकारले गरेको अनुसन्धानको आधारमा विस्तारै दर्ता भएका कमैयाहरूलाई पुर्नस्थापनाका लागि जग्गा वितरण, घर निर्माण, तालिम कार्यक्रमहरू आदिबाट सहयोग पुऱ्याउँदै जाने सोचिएको साथै संसदको आगामी अधिवेशनमा "कमैया उन्मूलन ऐन" को प्रस्तावसमेत राख्ने योजना रहेको जानकारी दिइयो । नेपाल कम्युनिष्ट पार्टी एमालेको अल्पमतको सरकारको स्थितिलाई विचार गर्दा यो योजना कहाँसम्म कार्यान्वयन हुन सक्छ भन्ने पूर्वकल्पना गर्न सकिँदैनथ्यो । जे होस् समस्याको समाधानमा थोरै भए पनि सरकारी क्रियाशीलता देखिएको चाहिँ पक्कै हो ।

यतिकैमा मेरो जापान फर्किने समय पनि आइपुग्यो । कमैयाको भलाइका लागि विविध कामहरू सुरु गरौँ भन्ने समय आइपुग्दा जापान फर्कनु परेकोमा निकै दुःख लाग्यो । म नेपालबाट केही समयको विदा लिई जापानतिर लागेँ ।